स्थायी लेखा नं. २०१३३३९४५
कार्यालय कोड नं. ८०१०५५८०१

"विकास, सम्बृद्धि र संरक्षण हाम्रो प्रतिबद्धता हाम्रो अभियान"

गुलरिया नगरपालिका
GULARIYA MUNICIPALITY

# नगर कार्यपालिकाको कार्यालय
# OFFICE OF THE MUNICIPAL EXECUTIVE

गुलरिया, बर्दिया
Gulariya, Bardiya

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

(Google Plus Code 683V+9FJ, Bhansar RD)

९८५८०२६२९५ (प्रमुख)
९८४८०८७४६५ (उप प्रमुख)
९८५८०२२९२२ (प्र.प्र.अ.)
९८५८०२५६६० (सूचनाअधिकारी)

दोस्रो पटक प्रकाशित मिति : २०८०।०२।२५

**विषय : कोटेशन पेश गर्ने सम्वन्धमा ।**

**श्री जो जस सँग सम्वन्ध राख्दछ ।**

प्रस्तुत विषयमा जिल्ला प्रहरी कार्यालय, वर्दिया मार्फत सञ्चालन हुने गरी नगरका विभिन्न चोकहरुमा CCTV Camera जडान गर्नुपर्ने भएकोले कार्यालयको Website: www.gulariyamun.gov.np मा राखिएको Detail Technical Specification & Terms and Conditions अनुसार तपशील वमोजिमका Accessories हरुको रु १० लाख रकममा नवढ्ने गरी यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा शिलवन्दी कोटेशसन पेश गर्नुहुन जानकारी गराईन्छ ।

**तपशील :**

| S.N | Particulars | Qty. | Unit | Re. |
|---|---|---|---|---|
| 1 | 4MP LPR Camera | 2 | Pcs | |
| 2 | 8 MP Bullet Camera | 5 | Pcs | |
| 3 | 32 Channel AI NVR | 1 | Pcs | |
| 4 | 43 Inch Monitor | 1 | Pcs | |
| 5 | 1G SFP | 5 | Pairs | |
| 6 | 16 Port Gigabit Managed SW | 1 | Pcs | |
| 7 | Industrial Media Converter | 7 | Set | |
| 8 | 6 Core Fiber with laying and accessories | 2000± | Mtr | |
| 9 | Outdoor CAT6 Cable | 135 | Mtr | |
| 10 | Power Cable with laying and accessories | 410 | Mtr | |
| 11 | 6TB Surveillance HDD | 2 | Pcs | |
| 12 | 1 KVA Inverter with battery | 1 | Set | |
| 13 | 12U Server Rack | 1 | Pcs | |
| 14 | Outdoor Pole box | 6 | Pcs | |
| 15 | Installation charge | L.S | | |
| 16 | Miscellaneous | L.S | | |

प्रमुख प्रशासकीय अधिकृत

# गुलरिया नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## लुम्बिनी प्रवेस, बर्दिया

दोस्रो पटक प्रकाशित मिति : २०८०।०२।२५

**विषय : कोटेशन पेश गर्ने सम्वन्धमा ।**

**श्री जो जस सँग सम्वन्ध राख्दछ ।**

प्रस्तुत विषयमा जिल्ला प्रहरी कार्यालय, बर्दिया मार्फत सञ्चालन हुने गरी नगरका विभिन्न चोकहरुमा CCTV Camera जडान गर्नुपर्ने भएकोले कार्यालयको Website: www.gulariyamun.gov.np मा राखिएको Detail Technical Specification & Terms and Conditions अनुसार तपशील बमोजिमका Accessories हरुको रु १० लाख रकममा नबढ्ने गरी यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा शिलबन्दी कोटेशसन पेश गर्नुहुन जानकारी गराईन्छ ।

**तपसिल**

| S.N | Particulars | Qty. | Unit | Re. |
|---|---|---|---|---|
| 1 | 4MP LPR Camera | 2 | Pcs | |
| 2 | 8 MP Bullet Camera | 5 | Pcs | |
| 3 | 32 Channel AI NVR | 1 | Pcs | |
| 4 | 43 Inch Monitor | 1 | Pcs | |
| 5 | 1G SFP | 5 | Pairs | |
| 6 | 16 Port Gigabit Managed SW | 1 | Pcs | |
| 7 | Industrial Media Converter | 7 | Set | |
| 8 | 6 Core Fiber with laying and accessories | 2000± | Mtr | |
| 9 | Outdoor CAT6 Cable | 135 | Mtr | |
| 10 | Power Cable with laying and accessories | 410 | Mtr | |
| 11 | 6TB Surveillance HDD | 2 | Pcs | |
| 12 | 1 KVA Inverter with battery | 1 | Set | |
| 13 | 12U Server Rack | 1 | Pcs | |
| 14 | Outdoor Pole box | 6 | Pcs | |
| 15 | Installation charge | L.S | | |
| 16 | Miscellaneous | L.S | | |

प्रमुख प्रशासकीय अधिकृत

# निर्माण व्यवसायी संघ बर्दियाको अध्यक्षमा गिरी



प्रमिला चौधरी

गुलरिया

निर्माण व्यवसायी संघ बर्दियाको अध्यक्ष पदमा हेमन्त प्रकाश गिरी निर्विरोध निर्वाचित हुनुभएको छ । मंगलबार सम्पन्न निर्वाचनमा गिरीसहित महासचिव पदमा सन्तोष कुमार रेग्मी निर्विरोध निर्वाचित हुनु भएको हो । अन्य पदमा निर्वाचन भएको छ ।

संघको वरिष्ठ उपाध्यक्षमा १ सय ४६ मत प्राप्त गरी विमल केसी विजयी हुनु भएको छ । त्यस्तै उपाध्यक्षमा चन्द्रमणी लम्साल ९८ मत प्राप्त गरी विजयी हुनु भएको छ । सचिवमा प्रकाश श्रेष्ठ ९३ मत प्राप्त गरी विजयी हुनु भएको छ । आन्तरिक सचिव तर्फ जगत प्रसाद अधिकारी ८० मत, कोषाध्यक्षमा गोविन्द कँडेल १ सय ५४ मत र सह कोषाध्यक्षमा रामचन्द्र वालन क्षेत्रीले १ सय ४८ मत प्राप्त गरी विजयी हुनु भएको निर्वाचन समितिले जनाएको छ ।

सदस्यहरुमा मोहन पौडेल (१२६), राजकुमार थारु (१२३), दिल बहादुर चौधरी (११३), मन बहादुर तामाग (११२), दिपेन्द्र बहादुर बुढा (११०), गणेश कुँवर (९०) र कमल भण्डारी (१०७) मत प्राप्त गरी विजयी हुनु भएको जनाईएको छ ।

शोधपत्र
राष्ट्रिय दैनिक
बर्दियाबाट प्रकाशित हुने शोधपत्र दैनिक पत्रिकामा शुभकामना, समबेदना, टेण्डर सरकारी बिज्ञापनहरु लगायत कुनै पनि सूचना प्रकाशित गर्नु परेमा हामीलाई सिधै सम्पर्क गर्नुहोस् ।
सम्पर्क : ९८४८०२७५५४
email :shodhpattra@gmail.com

# बाँसगढीमा दादुरा रुवेलाको खोप अभियान

विन्दु चौधरी

बाँसगढी

बाँसगढी नगरपालिकामा जेठ २९ देखि असार १ गतेसम्म दादुरा रुवेला खोप अभियान संचालन हुने भएको छ । देश व्यापीरुपमा संचालन भइरहेको खोप अभियान बाँसगढीमा ६ महिना देखि १५ वर्ष मुनिका १७ हजार ५ सय २० बालबालिकाहरुलाई खोप लगाईने छ ।



खोप अभियानका लागि ५२ वटा खोप केन्द्रहरू कायम गरिनुका साथै एउटा खोप केन्द्रमा २ जना स्वास्थ्यकर्मी र २ जना स्वयंसेवक परिचालन गरिने बाँसगढी नगरपालिकाका स्वास्थ्य शाखाका प्रमुख घनश्याम केसीले जानकारी दिनुभयो । दादुरा र रुबेला दुवै रोगहरू भाइरसबाट हुने र यी रोगहरू धेरै छिटो सर्ने अति सक्रामक भई छिट्टै महामारीको रूप लिन सक्ने भएका कारण बालबालिकाहरूलाई रोग विरुद्धको खोप लगाउनु उत्तम विकल्प रहेको प्रमुख केसीले बताउनु भयो ।

विद्यालयमा सञ्चालन हुने खोप अभियानका लागि खोप केन्द्र निर्धारण, खोप सेवा सञ्चालन र जनशक्तिको व्यवस्थापन, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार लगायतका पूर्व तयारी गरिएको जनस्वास्थ्य निरिक्षक बलबहादुर चौधरीले बताउनुभयो । खोप अभियान बर्दिया जिल्लाका आठ वटै पालिकामा हुने जनाएको छ । जिल्लामा दादुरा तथा रुबेला रोगविरुद्ध खोप अभियानमा १ लाख १३ हजार बालबालिकालाई खोप दिईने भएको हो । सरकारले ओप अभियानबाट दादुरा रुबेला खोप कभरेज ९५ प्रतिशतभन्दा बढी पुऱ्याई दादुरा रुबेला निवारण गर्ने उद्देश्य राखेको छ । विश्व स्वास्थ्य संगठनले दक्षिण पूर्वी एसियाली क्षेत्रमा सन् २०२० सम्ममा दादुरा निवारण गर्ने लक्ष्य लिएको थियो । नेपालमा सन् २०१९ देखि २०२३ सम्म दादुरा निवारण गर्ने लक्ष्य राखिएकोमा सम्भव नभएपछि यसको समय थप गरेर २०२६ मा निवारण गर्ने लक्ष्य राखिएको छ । राष्ट्रिय दादुरा रुबेला खोप अभियान अभिमुखीकरणका सभाअध्यक्षता बाँसगढी नगर उपप्रमुख इन्दिरा चौधरीले गर्नुभएको थियो, भने कार्यक्रममा वडाअध्यक्षहरु, सामुदायिक वन, संस्थागत विद्यालयका प्रधानाध्यपकहरुको सहभागिता रहेको थियो ।

## गुराँस ...

बनाउनका लागि विशेष जोड दिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लाल बहादुर खत्रीले बताउनु भयो । विद्यार्थीहरुलाई भौतिक सरचना कम नहुने किसिमले उपलब्ध गराएका छौ । विद्यार्थीको माग अनुसार थप जग्गा जमिन उपलब्ध गराउने तयारीमा छौ । स्थानीय सरकारले कृषि क्षेत्रमा अलि कम जोड दिएको हो कि भन्ने महसुस हामीले गरेका छौ । विद्यालयको अन्य आय श्रोत नभएकाले स्थानीय सरकारले कृषि क्षेत्रमा विशेष जोड दिन अध्यक्ष खत्रीले अनुरोध गर्नु भएको छ ।

विद्यालयहरुमा पढ्दै कमाउदै शुरु भएपछि विध्यार्थीहरु उत्साही भएको देखिन्छन् । पढाइ सङ्सङ्गै अभ्यास गराउदा विध्यार्थीहरुले प्रयाप्त मात्रामा ज्ञान सीप लिरहेको उहाँको भनाई छ । देशलाई कृषिमा आत्मनिर्भर बनाउन विभिन्न किसिमका प्रयत्न भै रहँदा यस्ता कार्यक्रम थप प्रभाकारी बन्ने उहाँको विस्वास छ । जसका लागि स्थानीय सरकारले खुलेर लगानी गर्न जरुरी देखिन्छ उहाँले भन्नुभयो ।